# स्थानीय राजपत्र

गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ८) काठमाडौँ, मंसिर १५ गते, २०८१ साल संख्याः ८

## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको कुकुर विरालो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

मूल्य रु : १०/-

# गोकर्णेश्वर नगरपालिकाको कुकुर विरालो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

## प्रस्तावनाः

गोकर्णेश्वर नगरपालिका भित्र रहेका घर पालुवा तथा सामुदायिक कुकुर बिरालो नियन्त्रण तथा कुकुर बिरालो बाट हुने रेबिज नियन्त्रण गर्न, तथ्याङ्क, राख्न अधावधिक गर्न र कुकुर बिरालोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ कार्यान्वयन गर्न वाञ्छनीय भएकाले गोकर्णेश्वर नगरपालिकाले **" कुकुर बिरालो व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१"** बनाई लागू गरिएको छ।

## परिच्छेद-१

**१) सङक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम " कुकुर बिरालो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित मिति देखि लागु हुनेछ।

**२) परिभाषाः-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "घरपालुवा कुकुर" भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर-कम्पाउण्ड भित्र व्यवस्थित गरि आफ्नो सोख वा सुरक्षाका लागि पालिएको कुकुर भन्ने बुझिन्छ।

ख) "घरपालुवा बिरालो" भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर-कम्पाउण्ड भित्र व्यवस्थित

गरि आफ्नो सोख वा सुरक्षाका लागि पालिएको बिरालो भन्ने बुझिन्छ ।

ग) "सामुदायिक कुकुर" भन्नाले घरपालुवा कुकुर जस्तो कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा नभइ स्थानीय समुदायमा स्वतन्त्र रुपमा बस्ने कुकुर भन्ने सम्झनुपर्छ ।

घ) "नगरपालिका" भन्नाले गोकर्णेश्वर नगरपालिकालाई सम्झनुपर्छ ।

ङ) "पशुसेवाशाखा" भन्नाले गोकर्णेश्वर नगरपालिकाको पशु सेवा शाखालाई सम्झनुपर्छ ।

च) "वडा कार्यालय" भन्नाले गोकर्णेश्वर नगरपालिका मातहतमा रहेका ९वटै वडा कार्यालय सम्झनुपर्छ ।

## ३) घरपालुवा कुकुर/बिरालो दर्ता गर्नुपर्नेः

१. नगरपालिकाको अनुमति बिना कसैले पनि घरपालुवा कुकुर/बिरालो राख्न वा पाल्न पाउने छैन ।

२. कसैले घरपालुवा कुकुर/बिरालो राख्न वा पाल्न चाहेमा सो कुकुर/बिरालो नगरपालिकामा दर्ता गराईराख्न वा पाल्न सक्नेछन ।

३. यो कार्यविधि प्रारम्भ हुनु पूर्वनै राखिएका वा पालिरहेका घरपालुवा कुकुर/बिरालोहरुको हकमा यो कार्यविधिप्रारम्भ भएको ३ महिना भित्र दर्ता गरिसक्नुपर्ने छ ।

४. यो कार्यविधि लागु भएपछि नगरपालिकाले घरपालुवा कुकुर/बिरालोदर्ताको लागि सुचना आव्हान गर्ने छ ।

५. नगरपालिकाले पहिलो पटकको लागि प्रत्येक वडामा घरपालुवा कुकुर/बिरालो दर्ताका लागि शिविर संचालन गर्नसक्ने छ।

## ४. घरपालुवा कुकुर/बिरालो दर्ता तथा नवीकरणका लागि निवेदन दिनुपर्नेः

१. कसैले घरपालुवा कुकुर/बिरालो राख्न वा पाल्न चाहेमा सो कुकुर दर्ताका लागि सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको ढाँचाको निवेदन दिनुपर्ने छ।

२. उपदफा १ बमोजिम निवेदन प्राप्त भए पछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी नगरपालिकाको पशुसेवा शाखामा घरपालुवा कुकुर/बिरालोको दर्ता तथा प्रमाण-पत्र जारी गर्ने छ र पशुसेवा शाखाले कुकुर/बिरालो दर्ता गरी प्रमाण-पत्रदिनुपर्ने छ।

३. कुकुर बिरालो धनिहरुले हरेक आर्थिक बर्ष सकिएको ३ महिना भित्र कुकुर/बिरालो दर्ता नवीकरण गराउनुपर्ने छ।

४. उपदफा २ बमोजिमको दिईने प्रमाण-पत्रकोढाँचा अनुसुची-२ बमोजिम हुने छ।

५. घरपालुवा कुकुर/बिरालो दर्ता/नवीकरण शुल्क रु.१,०००/- (एक हजार मात्र) शुल्क निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्ने छ।

६. घरपालुवा कुकुर/बिरालो दर्ता/नवीकरण दस्तुर रु.५००/- (पाँचसयमात्र ), उक्त शुल्क निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्ने छ।

## ५) "घरपालुवाकुकुर / बिरालो" दर्ता गराए वापत नगरपालिकाले दिने सेवासुविधाः

नगरपालिका भित्र घरपालुवा कुकुर/बिरालोहरुको दर्ता गरेमा नगरपालिकाले निम्न सेवा सुविधा दिनसक्ने छ।

१. Rabies vaccine–1 dose (रेबिज भ्याक्सिन-१ डोज)

२.दर्ता नं. सहितको खोप कार्ड वितरण गराने छ।

३.आन्तरिक परजिवि विरुद्‍बको औषधि।

४.नगरपालिकाका भेटेरिनरि डाक्टरहरुद्धारा पशुसेवा शाखामा नि:शुल्क परामर्श तथा स्वास्थ्य परिक्षण।

## ६.घरपालुवा कुकुर/बिरालो सम्बन्धी अन्य व्यवस्थाः

१. आफुले पालेका कुकुर/बिरालो कुनै कारण बस कसैलाई स्थायी रुपमा हस्तान्तरण गर्नुपरेमा पशुसेवा शाखाको रोहबरमा दिनेपक्षलाई स्वामित्व हस्तान्तरण गर्नुपर्ने छ ।

२. दर्ता भएका घरपालुवा कुकुर/बिरालो हराएमा कुकुर/बिरालो धनिले सो को जानकारी पशुसेवा शाखालाई गराउनु पर्नेछ।

३. घरपालुवा कुकुर/बिरालो धनिहरुले आफुले पालेका कुकुरहरु आफ्नो घर तथा कम्पाउण्ड भन्दा वाहिर जथा भावी छाडा छोडन तथा दिशापिसाब गराउनु पाइनेछैन ।

४. घरपालुवा कुकुर/बिरालोहरुको दिशा पिसाब कुकुर/बिरालो धनीहरुले आफ्नो छरछिमेकिलाई असर नपर्नेगरी व्यवस्थापन गर्नुपर्ने छ ।

५. कुकुर/बिरालो धनिहरुले कुकुर/बिरालोहरुलाई लगाउनु पर्ने सम्पूर्ण रोगहरुको खोप तथा जुकाको औषधी समयमै लगाउनेतथा खुवाउने कार्यगर्नुपर्नेछ।

६. घरपालुवा कुकुर/बिरालोहरुको मृत्यु भएमा कुकुर/बिरालो धनीले सो को जानकारी पशुसेवा शाखालाई गराउनुपर्ने छ ।

७. घरपालुवा कुकुर/बिरालोहरुले कसैलाई टोकेमा वा कुनै प्रकारको क्षति पुर्याएमा त्यसको सम्पूर्ण उपचारमा लाग्ने खर्च तथा क्षतिपुर्ती कुकुर/बिरालो धनीले व्यहोर्नुपर्ने छ ।

## ७) कुकुर व्यवसाय सम्बन्धी व्यवसायः

१. कुकुर व्यवसायहरुले कुकुर खरिद बिक्री गर्नका लागि वडा कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गर्नुपर्नेछ ।

२. कुकुर व्यवसायीहरुले कुकुर बिक्री गर्दा कुकुरहरुलाई पशुसेवा शाखामा प्रचलित कानुन बमोजिम दर्ता गराएर मात्र बिक्री गर्नुपर्ने छ।

३. कुकुर व्यवसायीहरुले व्यवसाय नविकरण गर्दा सो व्यवसाय मार्फत वर्ष भरी खरिद भएको बिक्रीको तथ्याङ्क बुझाउनुपर्ने छ ।
४. रेविज लगायतका प्राणघातक रोगलाई महामारीको रुपमा फैलिन नदिन कुकुर व्यवसायीहरुले पशुसेवा शाखा तथा कुकुर धनीहरुसँग सहकार्य गरी विभिन्न कार्यक्रम तथा शिविर संञ्चालन गर्न सक्नेछन।

## ९) सामुदायिक कुकुर/बिरालो व्यवस्थापन सम्बन्धमा :-

१. सामुदायिक कुकुर तथा बिरालोको हकमा घाइते पशुलाई यस गोकर्णेश्वोर नगरपालिका स्थीत रेस्क्यु सेन्टर संग सम्झौता गरि व्यवस्थापन गरिने छ,
२. बार्षिक रुपमा पशुबिकास शाखा द्वारा सामुदायिक कुकुर बन्ध्यकरण तथा रबिज खोप कार्यक्रम संचालन गरिने छ,

## ९) दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः-

यस कार्यविधिको प्रावधान विपरित कसैले कार्य गरेमा प्रचलित कानुन बमोजिम जरिवाना तथा कारवाही गरिने छ ।

## १०) अनुगमन तथा निर्देशनः

यो कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने जिम्मेवारी नगरपालिका र सम्बन्धित वडा कार्यालयको हुनेछ ।

## ११) खारेजी र बचाउः

१) यो कार्यविधि लागु हुनु पूर्व भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

२) यो कार्यविधि प्रचलित कानून सँग वाभिएमा बाभिएको हक सम्म स्वत निस्कृय हुनेछ ।

३) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले परिमार्जन र संसोधन गर्नसक्ने छ ।

अनुसूची -१
(दफा ४(क)सँग सम्बन्धित)

मितिः-

श्री वडा अध्यक्ष ज्यू,
........नं.वडा कार्यालय..........

विषयः- **कुकुर/बिरालो दर्ता सिफारिस सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा गोकर्णेश्वर नगरपालिकको घरपालुवा कुकुर/बिरालो व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१ को दफा ४ बमोजिम तपसिल अनुसारको विवरण भएको कुकुर/बिरालोको नाम दर्ता गरी पालन गर्न सिफारिस प्रदान गरिदिनुहुन अनुरोध छ ।

कुकुर/बिरालोको विबरणः-

| | |
|---|---|
| कुकुर/बिरालोको धनिको नाम | |
| ठेगाना | |
| घर नंम्बर | |
| कुकुर/बिरालोको जात, नाम | |
| ट्याग न | |
| रङ्ग | |
| उमेर | |
| लिङ्ग | |

| | |
|---|---|
| खुल्ला जमिनको क्षेत्रफल | |
| खोप लगाएको विवरण | रेविज<br>डिस्टेम्पर<br>अन्य |
| जुका विरुद्ब औषधि खुवाएको विवरण | |
| केहि विवरण भएमा उल्लेख गर्ने | |

संलग्न कागजातहरुः
१. नागरिकताको प्रतिलिपि
२. कुकुर/बिरालो खोप कार्डको प्रतिलिपी

निवेदक
नाम थरः
ठेगानाः
दस्तखत

अनुसूची-२
(दफा ४(घ) सँग सम्बन्धित)

गोकर्णेश्वर नगरपालिका
नगरपालिकाको कार्यालय
पशु सेवा शाखा
नयाँपाटि, काठमाडौँ

| कुकुर/ बिरालो को फोटो |
|---|

दर्ता नः मिति

## घरपालुवा कुकुर/बिरालो दर्ता प्रमाण-पत्र

कुकुर/बिरालोको धनिको नाम.....................घर नं..........ठेगाना काठमाडौँ जिल्ला गोकर्णेश्वर नगरपालिका.....वडा नं.........टोल............................

नागरिकता नः
सम्पर्क नम्बरः
कुकुर/बिरालोको बोलाउने नामः
ट्याग न :
जातः
कार्ड नः
रङ्गः
उमेरः
लिङ्गः

प्रमाण-पत्र जारी गर्नेको
नाम थरः
दस्तखतः
पदः

घरपालुवा कुकुर /बिरालो दर्ता प्रमाण-पत्र नविकरणः

| क.स | धनिको नाम थर | ठेगाना | दर्ता मिति | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सहि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणपत्र दर्ता/नवीकरणको विवरण:

| क्र.स | धनिको नाम | ठेगाना | घर नं | सम्पर्क नं | कुकुर/ विरालो को जात | उमेर | फो टो | नवीकरण गर्ने अधिकारीको सहि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

कार्यपालिका वाट स्वीकृत मितिः२०८१।८।९

प्रमाणीकरण मितिः२०८१।८।१०
प्रकाशित मिति : २०८१।८।१५

आज्ञाले,

यम नारायण गौली

प्रमुख प्रशासकीय अधिकृत